# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

**स्नातक तह तेस्रो र पाँचौं सेमेस्टरको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित स्नातक तह (सूचना तथा संचार प्रविधि शिक्षा र विशेष आवश्यकता शिक्षा) तेस्रो र पाँचौ सेमेष्टर (नियमित तथा आंशिक) को २०७७ साल फागुन महिनामा संचालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले यही २०७७ साल माघ ५ गतेसम्म आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फाराम अनलाइन (Online) मार्फत भर्नुह्रुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । सबै क्याम्पसहरुले आवेदन फारामवापत संकलित शुल्क २०७७ साल माघ ९ गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचरको स्क्यान कपी अप्लोड् गरी आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा फाराम २०७७ साल माघ १० गते सम्ममा रुजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।

**पुनश्चः**

- विद्यार्थीहरुले यस संकायको वेभसाइटः exam.tufoe.edu.np मा गई त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फराम भर्न सकिनेछ ।
- परीक्षा आवेदन फारामवापत नियमित तथा आंशिक परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ । परीक्षा फारामवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा तोकिएको समयभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर यस कार्यालयको लेखा शाखामा जम्मा गर्नुपर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फाराममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फाराममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै यदि आंशिक विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंक पहिला पठाउन छुटेको भए सो विद्यार्थीको फाराममा अंक अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
- अनलाइन परीक्षा फाराममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फाराममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फाराम रद्द हुनेछ ।

सहायक डीन